# त्रिभुवन विश्वविद्यालय

# केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुख सम्बन्धी विनियम, २०७८

**पारित मिति** : २०७८/८/९

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. ११९१)

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय

## केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुख सम्बन्धी विनियम, २०७८

त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १६ बमोजिमको केन्द्रीय विभागको प्रमुख, नियम १९ बमोजिमको विभागीय प्रमुख र विषय समितिका अध्यक्षको नियुक्तिका आधार र सेवा सुविधाका सम्बन्धमा त्रि.वि. संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम १३३ (२) र ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायको विनियम बनाई लागू गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी विनियमहरूको नाम "केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८" रहेको छ ।

(२) यी विनियमहरू तुरुन्त लागू हुनेछन् ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा:

(क) "केन्द्रीय विभाग प्रमुख" वा "केन्द्रीय विभागीय प्रमुख" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १६ बमोजिमको केन्द्रीय विभागको प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "जेष्ठतम" भन्नाले समान तहमा कार्यरत मध्ये सो पदमा सबभन्दा अगाडि स्थायी नियुक्ति पाएको शिक्षक सम्झनु पर्छ । कार्यरत पदमा समान मितिमा नियुक्ति पाएको अवस्थामा बहालवाला पदभन्दा तल्लो पदमा भएको स्थायी नियुक्ति मितिको जेष्ठताको आधार लिनु पर्ने छ । सोबाट पनि जेष्ठता छुट्टिन नसकेको अवस्थामा विश्वविद्यालयमा स्थायी भएको मितिको जेष्ठताको आधार लिनु पर्नेछ । त्यसरी पनि नछुट्टिएमा उमेरको आधारलाई लिइनेछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदबाट तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "विभागीय प्रमुख" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १९ बमोजिमको क्याम्पसको विभागीय प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "विषय समिति अध्यक्ष" भन्नाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम ३२१ बमोजिमको केन्द्रीय विभाग प्रमुख बाहेकका अन्य विषय समिति अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "विनियम" भन्नाले केन्द्रीय विभाग प्रमुख तथा विभागीय प्रमुखसम्बन्धी विनियम, २०७८सम्झनु पर्छ ।

(छ) "विभाग" भन्नाले विश्वविद्यालयका केन्द्रीय विभागलाई सम्झनु पर्छ । यस शब्दले विश्वविद्यालयका क्याम्पस अन्तर्गत रहेका विभागलाई समेत जनाउँछ ।

(ज) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनु पर्छ ।

## परिच्छेद २

## केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्तिका आधार र अन्य सुविधा

**३. केन्द्रीय विभागमा विभागीय प्रमुखको नियुक्तिका आधारः** (१) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १६ बमोजिमको केन्द्रीय विभागको प्रमुख नियुक्तिका लागि विभागीय प्रमुख रिक्त हुनुभन्दा एक महिना अघि डीनले शिक्षाध्यक्ष समक्ष देहायको आधारमा तीनजनाको नाम सिफारिस गर्नेछ :

(क) विभागमा कार्यरत सबैभन्दा जेष्ठतम (senior most) प्राध्यापकहरूको क्रम अनुसार नाम राखी सिफारिस गर्नु पर्ने छ । विभागमा कार्यरत प्राध्यापक नभएमा विश्वविद्यालयका कुनै निकायमा कार्यरत सम्बन्धित विषयका प्राध्यापकहरूलाई सिफारिस गर्न सकिनेछ ।

(ख) खण्ड (क) बमोजिमको प्राध्यापक (Professor) नभएमा वा जेष्ठतम कुनै पनि प्राध्यापकले विभागीय प्रमुखमा रहन लिखित रुपमा असहमति गरेमा जेष्ठतम सहप्राध्यापकहरूमध्येबाट क्रम अनुसार नाम राखी सिफारिस गर्नु पर्ने छ । विभागमा कार्यरत सहप्राध्यापक नभएमा विश्वविद्यालयका कुनै निकायमा कार्यरत सम्बन्धित विषयका सहप्राध्यापकहरूलाई सिफारिस गर्न सकिनेछ ।

(ग) खण्ड (क) र (ख) बमोजिम सिफारिस गर्ने शिक्षकहरू नभएमा बरिष्टताको आधारमा स्थायी उप प्राध्यापकलाई सिफारिस गर्न सकिनेछ ।

(घ) पदगत वरिष्ठ प्राध्यापक वा सहप्राध्यापक बहाल रहेसम्म तल्लो पदका शिक्षकलाई केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्तिका लागि सिफारिस गर्न पाइने छैन ।

(ङ) जेष्ठताको क्रममा रहेका इच्छुक शिक्षकहरू बहाल रहेसम्म विभागीय प्रमुखमा पुनः सोही व्यक्तिलाई दोहोऱ्याएर नियुक्तिको लागि सिफारिस गर्न पाइने छैन ।

(च) जेष्ठता कायम गर्दा बहालवाला पदमा भएको नियुक्ति मितिको जेष्ठता हेर्नु पर्ने छ । त्यसबाट जेष्ठता छुट्टिन नसकेको अवस्थामा बहालवाला पदभन्दा तल्लो पदमा भएको नियुक्ति मितिको जेष्ठताको आधार लिनु पर्ने छ । सोबाट पनि जेष्ठता छुट्टिन नसकेको अवस्थामा विश्वविद्यालयमा स्थायी भएको मितिको जेष्ठताको आधार लिनु पर्नेछ ।

(२) कुनै विभागीय प्रमुखले राजिनामा दिई वा अन्य कारणले पद रिक्त हुन गएमा पनि एक हप्ता भित्र उपविनियम (१) बमोजिम सिफारिस गर्नुपर्नेछ ।

(३) उपविनियम (१) र (२) बमोजिम प्राप्त सिफारिस शिक्षाध्यक्षले कार्यकारी परिषद समक्ष पेश गर्नेछ । तीमध्ये एकजना बरिष्ठतम शिक्षकलाई कार्यकारी परिषदले केन्द्रीय विभागको प्रमुखमा नियुक्त गर्नेछ ।

(४) उपविनियम (१) वा (२) बमोजिम सिफारिस नभएमा उपविनियम (१) को आधारमा शिक्षाध्यक्षले कार्यकारी परिषद समक्ष तीनजनाको नाम सिफारिस गर्नेछ । तीमध्ये एकजना बरिष्ठतम शिक्षकलाई कार्यकारी परिषदले केन्द्रीय विभाग प्रमुखमा नियुक्त गर्नेछ ।

४. **केन्द्रीय विभागमा विभागीय प्रमुखका लागि अयोग्यता :** (१) देहायको अवस्थामा विभागीय प्रमुखमा सिफरिस गरिने छैन :

(क) निजको सेवावधि छ महिनाभन्दा कम भएको,

(ख) विभागीय प्रमुखमा पूरा कार्यकाल (४ बर्ष) विताएको वा राजिनामा दिइ छोडेको,

तर विनियम ३ को उपविनियम (१) को खण्ड (क), (ख) र (घ) बमोजिम सिफारिस गर्न अन्य शिक्षक नभएमा कुनै शिक्षकलाई पुनः सिफारिस गर्न सकिनेछ ।

५. **भत्ता र अन्य सुविधाः** (१) केन्द्रीय विभागको विभागीय प्रमुख पदमा नियुक्त भएको शिक्षकले कार्यरत पदको खाइपाइ आएको तलब भत्ताका अतिरिक्त मासिक रु. ४००० भत्ता पाउने छ । साथै सञ्चार (टेलिफोन, इन्टरनेट आदि) खर्च वापत मासिक रु.१०००/- थप उपलब्ध गराइने छ । यो भत्ताको सुविधा २०७८ पुष १ गतेदेखि लागु हुनेछ ।

(२) केन्द्रीय विभागको विभागीय प्रमुखले आफुले नियमित लिनु पर्ने कक्षा लिएर नै विभागीय प्रमुखको दायित्व निर्वाह गर्नु पर्ने छ ।

(३) केन्द्रीय विभागको विभागीय प्रमुखलाई नियमित समय बाहेकको अतिरिक्त समयमा सञ्चालित कार्यक्रमहरू (विद्यावारिधि, एम.फील आदि)मा कक्षा लिन, त्यस्ता कार्यक्रमको संयोजकको रुपमा काम गर्न एवं तिनको तोकिएबमोजिमको पारिश्रमिक बुझ्न रोक लाग्ने छैन । तर दोहोरो सुविधा हुनेगरी र साविक तलबको २५ प्रतिशतभन्दा बढी हुनेगरी कुनै पनि भत्ता/सुविधा लिन पाइने छैन ।

६. **विदाः** केन्द्रीय विभागको विभागीय प्रमुखमा नियुक्त भएको शिक्षकले वर्षे वा हिउँदे विदा नपाउने हुँदा त्रि.वि. शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५०को परिच्छेद ५ नियम २४ ले व्यवस्था गरे बमोजिमको घर विदा पाउने छ । घर विदा सम्बन्धी व्यवस्था बहालवाला सबै केन्द्रीय विभागका प्रमुखहरूले नियुक्ति भएको मितिदेखि नै उपभोग गर्न पाउने छन् । उपभोग गरी सञ्चित रहेको घर विदाको रकम पदावधि समाप्त भएपछि खाइपाई आएको तलबका दरले भुक्तानी गरिने छ । तर विदाको गणना गर्दा वर्षे वा हिउँदे विदाको समयमा विभागमा हाजिर भइ कार्य गरेको अवस्थामा मात्र घर विदाको उपभोग गर्न सकिने छ ।

७. **निमित्त सम्बन्धी व्यवस्था :** (१) केन्द्रीय विभागका प्रमुख बिरामी भई वा अन्य कुनै कारणले छोटो अवधिका लागि अनुपस्थित भएमा विभागमा कार्यरत शिक्षकहरूमध्ये बरिष्ठतम् शिक्षकले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

(२) रिक्त रहेको विभागीय प्रमुखको पदमा हालवाला नियुक्त नभएसम्मको अवधिका लागि उपविनियम (१) बमोजिमको बरिष्ठ शिक्षकले सो कार्यालयको जिम्मा लिई विभागका प्रमुखको काम अर्को व्यवस्था नभएसम्म निमित्त भई गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवस्था परी काम गरेको व्यहोरा त्यस्तो निमित्त भई काम गर्ने शिक्षकले सम्बन्धित डीन र शिक्षाध्यक्षलाई अबिलम्ब सूचना गर्नु पर्नेछ ।

## परिच्छेद ३

## विषय समिति अध्यक्षमा नियुक्तिका आधार

**८. विषय समिति अध्यक्षको नियुक्तिका आधारः** (१) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम ३२१ बमोजिमको केन्द्रीय विभागको प्रमुख पदेन अध्यक्ष हुने विषय समिति वाहेक अन्य विषय समिति अध्यक्ष पदमा नियुक्ति गर्दा कम्तिमा छ महिना सेवावधि रहेका जेष्ठतम प्राध्यापकलाई नियुक्त गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्राध्यापक नभएमा वा जेष्ठतम कुनै पनि प्राध्यापकले सो पदमा रहन लिखित रुपमा असहमति गरेमा जेष्ठतम सहप्राध्यापकको नियुक्ति गर्नुपर्नेछ ।

(३) पूरा कार्यकाल (४ बर्ष) विताएको वा राजिनामा दिइ छोडेको कुनै पनि शिक्षकलाई पुनः नियुक्ति गरिने छैन । तर कुनै पनि प्राध्यापक र सहप्राध्यापक नभएमा वा सो पदमा रहन असहमत भएमा पुनः नियुक्ति गर्न वाधा पर्ने छैन ।

(४) उपविनियम (१),(२) र (३) बमोजिमका शिक्षकहरू नभएमा बरिष्टताको आधारमा स्थायी उप प्राध्यापकलाई नियुक्ति गर्न सकिनेछ ।

**९ विदाः** विषय समितिका अध्यक्षले अन्य शिक्षकसरह नै वर्षे / हिउँदे विदा उपभोग गर्न पाउने छन् । विषय समिति अध्यक्षले आफुले नियमित लिनु पर्ने कक्षा लिएर नै अध्यक्षको कार्य गर्नु पर्ने छ ।

## परिच्छेद ४

## क्याम्पसमा विभाग प्रमुखमा नियुक्तिका आधार र सुविधा

**१०. क्याम्पस विभागमा विभागीय प्रमुखको नियुक्तिका आधारः** (१) त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम १९ बमोजिमको विभागीय प्रमुख नियुक्तिका लागि कम्तिमा छ महिना सेवावधि रहेका जेष्ठतम प्राध्यापकलाई नियुक्त गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्राध्यापक नभएमा वा जेष्ठतम कुनै पनि प्राध्यापकले सो पदमा रहन लिखित रुपमा असहमति गरेमा जेष्ठतम सहप्राध्यापकको नियुक्ति गर्नुपर्नेछ ।

(३) पूरा कार्यकाल (४ बर्ष) विताएको वा राजिनामा दिइ छोडेको कुनै पनि शिक्षकलाई पुनः नियुक्ति गरिने छैन । तर कुनै पनि प्राध्यापक र सहप्राध्यापक नभएमा वा सो पदमा रहन असहमत भएमा पुनः नियुक्ति गर्न वाधा पर्ने छैन ।

(४) उपविनियम (१),(२) र (३) बमोजिमका शिक्षकहरू नभएमा बरिष्टताको आधारमा स्थायी उप प्राध्यापकलाई नियुक्ति गर्न सकिनेछ ।

**११. भत्ता र अन्य सुविधाः** आफ्नो साविक पदको खाइपाइ आएको तलबका अतिरिक्त विभागका अध्यक्षले तोकिएबमोजिमको मासिक भत्ता पाउने छन् । विभागका अध्यक्षले आफुले नियमित लिनु पर्ने कक्षा लिएर नै अध्यक्षको कार्य गर्नु पर्ने छ ।

१२. **विदाः** चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत महाराजगंज चिकित्सा क्याम्पसका चिकित्सक शिक्षकहरूले त्यहाँको कामको प्रकृति अनुसार वर्षे / हिउँदे विदा नपाउने हुँदा त्यस अन्तर्गतका विभागका अध्यक्षहरूले पनि साविकको व्यवस्था अनुसार नै त्रि. वि. शिक्षक कर्मचारी सेवा

सम्बन्धी नियम २०५० को परिच्छेद ५ नियम २४ अनुसारको घर विदा पाउने छन् । चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत महाराजगंज चिकित्सा क्याम्पस बाहेकका सबै अध्ययन संस्थान र सङ्काय अन्तर्गतका विषयगत विभागका अध्यक्षहरूले अन्य शिक्षकसरह नै वर्षे / हिउँदे विदा उपभोग गर्न पाउने छन् । तर प्राविधिक अध्ययन संस्थानहरू अन्तर्गतका विषयगत विभागहरूमा त्यहाँको कामको प्रकृति अनुसार विशेष परिस्थिति परी क्याम्पस कार्यसमितिले निर्णय गरी कुनै विभागीय अध्यक्षलाई वर्षे / हिउँदे विदा नपाउने गरी विभागीय अध्यक्षमा नियुक्त गरेको अवस्थामा भने त्यस्ता विभागीय अध्यक्षले पनि त्रि. वि. शिक्षक कर्मचारी सेवा सम्बन्धी नियम २०५० को परिच्छेद ५ नियम २४ अनुसारको घर विदा उपभोग गर्न पाउने छन् । यसरी नियुक्त विभागीय अध्यक्षले उपभोग गरी सञ्चित रहेको घर विदाको रकम पदावधि समाप्त भएपछि खाइपाई आएको तलबका दरले भुक्तानी गरिने छ ।

## परिच्छेद ५

## विविध

**१३**. डीन कार्यालयको प्रत्यक्ष रेखदेखमा रहने गरी स्थापना भएका विभागका विभागीय प्रमुखलाई केन्द्रीय विभागका प्रमुखसरह विदा र सुविधा उपलब्ध हुनेछ ।

**१४. खारेजी र बचाउ :** यस विनियम लागू हुनुभन्दा अघि नियुक्त भइ कार्यरत रहेकाहरूको हकमा आफ्नो पदावधि बाँकी रहेसम्म यथावत काम गर्न र पूर्व व्यवस्था अनुसार तोकिएको सुविधा लिन रोक लाग्ने छैन ।

**१५. व्याख्या र बाधा अडकाउ फुकाउने व्यवस्था :** यस कार्यविधिको व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषद समक्ष सुरक्षित रहेको छ ।

***

त्रिभुवन विश्वविद्यालय